# Massachusetts Bay Transportation Authority

# एमबीटीए (MBTA) बाट कसरी यात्रा गर्ने

## आधारभूत जानकारी

### भाषा सहयोग

एमबीटीए ग्राहक सहयोग प्रतिनिधिहरूले अङ्ग्रेजी र स्प्यानिस भाषा बोल्दछन् तथा 160 भाषाहरूमा दोभाषेहरू उपलब्ध छन्। स्टेसन स्थित एमबीटीए ट्रान्जिट पुलिस र ट्रान्जिट एम्बासेडरहरूले यो सेवा प्राप्त गर्न मद्दत सक्दछन्। मद्दतका लागि **617-222-3200 मा फोन गर्नुहोस्**

**टोल-फ्रि: 800-392-6100**
**टिटिवाइ: 617-222-5146**

MBTA.com/language-services

### संलग्न हुने

परियोजनाहरूको विकास तथा निर्णय प्रक्रियामा सर्वसाधारणको सुझाव एउटा महत्त्वपूर्ण कारक हुन्छ तथा हामी सर्वसाधारणलाई एमबीटीए बैठकहरूमा उपस्थित हुन र हाम्रा क्रियाकलापहरू माथि टिप्पणीहरू प्रदान गर्न प्रोत्साहित गर्दछौं। बैठकबारे सूचनाहरू हाम्रो कार्यक्रम वेबपृष्ठमा पोस्ट गरिनेछन् र तिनमा कसरी पहुँचयोग्यता एकोमोडेसनहरू था भाषा सहयोग अनुरोध गर्ने बारेमा जानकारी सामेल हुन्छ।

MBTA.com/events

### यसको मूल्य कति पर्दछ?

**सबवे एक-तर्फी:**
नगद, चार्ली कार्ड वा चार्ली टिकट सहित $2.40
**स्थानीय बस एक-तर्फी:**
नगद, चार्ली कार्ड वा चार्ली टिकट सहित $1.70
**कम्प्युटर रेल एक-तर्फी:**
तपाईंले कति दूरी यात्रा गर्नुहुन्छ भन्नेमा आधारित रहेर $2.40 - $13.25
**फेरी एक-तर्फी:**
तपाईं आरम्भ स्थल तथा गन्तव्यमा आधारित रहेर $3.70 - $9.75
**प्याराट्रान्जिट:**
$3.35 - $5.60, प्रति यात्रुलाई एक तर्फि भाडा

MBTA.com/fares

### न्यूनीकृत भाडा दर

सहभागी स्कूलहरूबाट योग्य विद्यार्थीहरूले विद्यार्थी चार्लीकार्ड (हरेक वर्षको अगस्ट ३१ सम्म वैध रहने) प्राप्त गर्न सक्छन्।

सहभागिता सहर वा नगरका 18-25 वर्षका न्यून-आय युवा वयस्कहरू युथ पास चार्लीकार्डका लागि योग्य हुन सक्छन्।

दृष्टिविहीन वा दृष्टि विकार रहेका मानिसहरू तथा उनीहरूका मार्गदर्शकहरूले ब्लाइन्ड एक्सेस चार्लीकार्डबाट निःशुल्क एमबीटीए सेवाहरूमा यात्रा गर्न सक्छन्।

ज्येष्ठ (65+ उमेरका) तथा असक्तता भएका मानिसहरू ट्रान्सपोर्टेसन एक्सेस पास (टिएपि) बाट न्यूनीकृत भाडाका लागि योगय हुन सक्छन्।

MBTA.com/fares/reduced

### अन्य भुक्तानी विकल्पहरू

11 वर्ष वा कम उमेर भएका बालबालिकाहरूलाई भाडा भुक्तानी गर्ने ग्राहकसँग निःशुल्क यात्रा गराउन सकिनेछ। प्रति ग्राहक दुई जनासम्म बालबालिकाहरूको अनुमति छ।

कम्पनीहरूले कर्पोरेट चार्लीकार्ड कार्यक्रममा सहभागिता जनाउनेछन् जसले कर्मचारीहरूलाई कर लाभ प्रदान गर्दछ।

MBTA.com/pass-program

### सञ्चालनको समय

धेरै जसो बस तथा रेल सेवा 5 पू. मा सुरु भएर 1 पू. मा अन्त्य हुन्छन्, व्यस्त मार्गहरूका केही बस सेवाहरू छिटोमा 3:30 पू. मा सुरु हुन्छन्। सञ्चालन तालिकाहरू यातायातको किसिम र हप्ताको दिनमा आधारित रहन्छन्। व्यस्त सप्ताहका दिनहरूमा अन्य दिनहरूभन्दा सेवा बढी आवृत्तिमा चल्छ (7 - 9 पू. र 4 - 6:30 अ.) सबवे तथा प्रमुख बस मार्ग सेवा (जस्तै मार्ग 28, 111, 116, र अन्य) बढी आवृत्तिमा चल्छ, सामान्यतया हरेक 10 - 15 मिनट वा कममा।

MBTA.com/schedules

### सेवा चेतावनीहरू

कहिलेकाहीं सेवामा बाधाहरू पनि पुग्न सक्छन्, र त्यस्तो भएमा एमबीटीएलले सङ्केतहरू पोस्ट गर्छ ग्राहकहरूलाई मद्दत गर्न स्टाफ उपलब्ध गराउँछ। वर्तमान र नियोजित सेवा चेतावनीहरू हाम्रो वेबसाइटमा उपलब्ध छन्। यात्रीहरूले सन्देश वा इमेल चेतावनीहरू प्राप्त गर्नका लागि टि-अलर्टका लागि पनि साइन अप गर्न सक्नेछन्।

MBTA.com/alerts

### उपलब्धता

सम्पूर्ण एमबीटीए बसहरू असक्तता भएका मानिसहरूका लागि उपलब्ध छन्, त्यसरी नै धेरै जसो सबवे तथा कम्प्युटर रेल स्टेसनहरू उपलब्ध छन्। फेरी तथा डकहरू उपलब्ध छन्, तर तिनमा उच्च वा न्यून ज्वाराभाटाका कारण अस्थायी बाधाहरू हुन सक्छन्।

MBTA.com/accessibility

दि राइड: दि दराइड एमबीटीएको ढोका-ढोकामा जाने प्याराट्रान्जिट सेवा हो। यदि तपाईंसँग तपाईंलाई एमबीटीए बस, सबवे, वा ट्रली प्रयोग गर्न केही वा सबै समयमा बाधा दिने कुनै असक्तता छ भने, दि राइडले तपाईंलाई सार्वजनिक यातायात आवश्यकताहरूमा सहयोग गर्न सक्छ।

MBTA.com/accessibility/the-ride

यात्रीहरूले वास्तविक-समय एलिभेटर तथा एस्केलेटर बन्दको जानकारी 617-222-2828 मा फोन गरेर प्राप्त गर्न सक्नेछन्।

### एमबीटीएसँग सम्पर्क

यात्रीहरूले एमबीटीएलाई विभिन्न तरिकाले सम्पर्क गर्न सक्नेछन् जसमा, फोन, इमेल, तथा हाम्रो सामाजिक सञ्जाल फलो गरेर सामेल छन्:

**फोन:** 617-222-3200
**टोल फ्रि:** 800-392-6100
**टिटिवाइ:** 617-222-5146
**इमेल:** MBTA.com/customer-support

twitter.com/mbta
facebook.com/TheMBTA/
instagram.com/thembta/
youtube.com/mbtagm
tiktok.com/@thembta
linkedin.com/company/mbta

### आपतकालीन अवस्थामा

हरेक एमबीटीए कर्मचारीलाई आपतकालीन कार्यविधि तथा तयारीका लागि तालिम दिइएको हुन्छ। यदि तपाईंले कुनै शङ्कास्पद देख्नुभएमा वा आपत रिपोर्ट गर्न आवश्यक भएमा, कृपया 911 मा वा **स्थानान्तरण प्रहरीलाई 617-222-1212,**
**टिटिवाइ: 617-222-1200** मा फोन गर्नुहोस्।

सम्पूर्ण एमबीटीए क्रियाकलापहरू विभेद मुक्त छन्। एमबीटीएले जात, वर्ण, उत्पत्ति राष्ट्र, सीमित अङ्ग्रेजी प्रवीणता, तथा अतिरिक्त संरक्षित विशेषताका आधारमा विभेद रोकथाम गर्ने सम्पूर्ण फेडेरल तथा राज्य नागरिक अधिकार आवश्यकताहरूको पालना गर्दछ। बढी जानकारीका लागि तथा गुनासो दायर गर्नका लागि, कृपया ... MBTA.com/titlevi हेर्नुहोस्, हामीलाई MBTA/MassDOT Office of Diversity and Civil Rights, 10 Park Plaza, Boston, MA 02116, टेलिफोन 857-368-8580, सम्पर्क गर्नुहोस् वा MBTACivilRights@mbta.com मा इमेल गर्नुहोस्।MBTACivilRights@mbta.com